म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ११६ २०८० चैत ३ गते शनिबार 16 March 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

## पेट्रोलियम पदार्थको भाउ घट्यो

काठमाडौं: पेट्रोलियम पदार्थको भाउ घटेको छ । इन्डियन आयल कर्पोरेसनले शुक्रबार पठाएको नयाँ मूल्यसूची अनुसार मूल्य समायोजन गरेको नेपाल आयल निगमले जनाएको छ । निगमका अनुसार साविकको खुद्रा बिक्री मूल्यमा पेट्रोल प्रतिलिटर १ रुपैयाँ र डिजेल तथा मट्टितेलमा प्रतिलिटर २ रुपैयाँ घटेको हो ।

नयाँ मूल्य शुक्रबार मध्यरातिदेखि लागू हुने निगमद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । अब हेटौंडामा उपभोक्ताले पेट्रोल प्रतिलिटर १६८ रुपैयाँ ५० पैसा र डिजेल तथा मट्टितेल १५५ रुपैयाँ ५० पैसा तिर्नुपर्नेछ ।

# सामुदायिक विद्यालयमा वार्षिक परीक्षा सुरु



*हेटौंडा-४, करौंथित श्रमिक माविमा परीक्षा दिँदै विद्यार्थी ।*

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगर क्षेत्रका सामुदायिक विद्यालयमा वार्षिक परीक्षा सुरु भएको छ । शुक्रबारदेखि परीक्षा सुरु भएको हो । नगरस्तरीय शैक्षिक समन्वय समितिको सहजीकरणमा नगरका ७३ मध्ये ५८ वटा विद्यालयमा एकसाथ परीक्षा सुरु भएको छ । बिहान र दिउँसो दुई सिफ्टमा परीक्षा सञ्चालन हुने नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडाका अध्यक्ष भोगेन्द्र लुइटेलले जानकारी दिनुभएको छ ।

नगरस्तरीय शैक्षिक समन्वय समितिले सञ्चालन गरेको परीक्षामा ५८ वटा विद्यालयका नौ हजार २३ जना विद्यार्थी परीक्षामा सहभागी हुने बताइएको छ । बिहान साढे १० बजेदेखि ५ कक्षासम्मका विद्यार्थीको परीक्षा सञ्चालन हुनेछ भने दिउँसो १ बजेदेखि ६, ७ र ९ कक्षाका विद्यार्थीको परीक्षा हुनेछ । परीक्षा चैत ९ गतेसम्म सञ्चालन हुनेछ । चालु शैक्षिक सत्रको कक्षा ८ को पालिकास्तरीय परीक्षा हेटौंडामा चैत ४ गतेबाट सुरु हुँदैछ भने एसईई देशव्यापीरुपमा चैत १५ गतेबाट हुँदैछ । मकवानपुरका निजी विद्यालयले भने चैत १५ गतेदेखि विद्यालयको वार्षिक परीक्षा सञ्चालन गर्दैछ ।

## निर्णय सार्वजनिक भएन

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगर पालिकाको नियमित कार्यपालिका बैठक शुक्रबार बसेको छ । हेटौंडा उपमहानगर पालिकाले हरेक महिनाको २ र १६ गते कार्यपालिका बैठक बस्ने कार्यतालिका निर्माण गरेको छ । शुक्रबार बसेको कार्यपालिका बैठकको निर्णय भने सार्वजनिक गरिएको छैन ।

बैठकमा उल्लेखनीय विषयमा छलफल नभएको उल्लेख गर्दै एक वडा अध्यक्षले भन्नुभयो, "उल्लेखनीय विषयमा छलफल भएको जस्तो लाग्दैन । एक, दुईदिनमा सार्वजनिक होला निर्णय पनि ।" सार्वजनिकरुपमा चासो व्यक्त भएपछि हेटौंडा उपमहानगरपालिकाले कार्यतालिकाअनुसार नियमित बैठक बस्ने प्रयास गरिरहेको छ । उपमहानगरले कार्यपालिका बैठकका निर्णय पनि सार्वजनिक गर्ने गरेको छ । कार्यपालिका बैठक नियमित हुन नसकेको, कार्यपालिका बैठकका निर्णय सार्वजनिक नभएको भनी निरन्तर आलोचना भएपछि पछिल्लो समय उपमहानगरपालिकाले कार्यतालिकाअनुसार बैठक बस्ने र बैठकका निर्णय सार्वजनिक गर्न सुरु गरेको हो । एक पटक कार्यपालिका बैठक सामाजिक सञ्जालबाट प्रत्यक्ष प्रसारण समेत गरिएको थियो ।

## मकवानपुरमा ९९ जनालाई जग्गाधनी पुर्जा प्रदान

समाज संवाददाता

हेटौंडा: राष्ट्रिय भूमि आयोग जिल्ला समिति मकवानपुरले जिल्लाका ९९ जनालाई जग्गाधनी पुर्जा वितरण गरेको छ । २०७८ सालमा गठन भएको आयोगले मकवानपुरको हेटौंडा उपमहानगरपालिका, बागमती गाउँपालिका र बकैया गाउँपालिकाका मानिसहरुलाई जग्गाधनी पुर्जा वितरण गरेको हो ।

आयोगले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी पुर्जा वितरण गरेको हो । आयोगले बागमती गाउँपालिकाका ४ जना र बकैया गाउँपालिकाका २ जनालाई भूमिहीन दलित जग्गाधनी पुर्जा वितरण गरेको छ । यस्तै, बागमती गाउँपालिकाका ३५ जना र बकैया गाउँपालिकाका ९ जनालाई भूमिहीन सुकुम्बासी जग्गाधनी पुर्जा वितरण गरेको हो ।

आयोगले हेटौंडा उपमहानगर पालिकाका ६९ जना र बागमती गाउँपालिकाका ५ जना मानिसलाई अव्यवस्थित बसोबासी जग्गाधनी पुर्जा वितरण गरेको छ । आयोगले भूमिहीन दलित, भूमिहीन सुकुम्बासीको हकमा निःशुल्क जग्गा वितरण गरेको छ भने अव्यवस्थित बसोबासी तथा अधुरा कार्यअन्तर्गतका हकमा आयोगले जिल्ला समितिको निर्णयले निर्धारण गरेको राजस्व दाखिला गराई जग्गाधनी प्रमाण पुर्जा वितरण गरेको हो । आयोगले जग्गा वितरण गरेबापत २९ लाख ३६ हजार १ सय ४० राजस्व संकलन गरेको छ ।

आयोगले हेटौंडा उपमहानगरपालिका, बकैया गाउँपालिका र बागमती गाउँपालिकामा नापनक्सा गरिरहेको छ । आयोगमा मकवानपुरका भूमिहीन दलित ३ यस ४०, भूमिहीन सुकुम्बासी २ हजार २ सय ६० वटा, अव्यवस्थित बसोबासी १४ हजार ६ सय ५० र सट्टाभर्ना बापत बागमतीका २ वटा गरी जम्मा १७ हजार २ सय ५२ वटा निवेदन परेको छ । यस्तै, जग्गा दर्ता पुर्जा वितरणका लागि हेटौंडा उपमहानगर पालिकाका ११, ९ र ७ नम्बर वडाका ८ सय जना, बागमती गाउँपालिका १, २ र ६ नम्बर वडाका १ सय ४० जना र बकैयाँ गाउँपालिकाको नापनक्सा भइरहेको आयोगले जनाएको छ । यस्तै, अन्य पालिकाहरुमा लगत संकलन कार्य भइरहेको छ ।

# प्रदेशस्तरीय महिला उद्यमी प्रदर्शनी सुरु

समाज संवाददाता

हेटौंडा: मकवानपुर उद्योग वाणिजय संघ महिला उद्यमी विकास समितिको आयोजनामा आठौं बागमती प्रदेशस्तरीय महिला उद्यमी प्रदर्शनी सुरु भएको छ । शुक्रबार हेटौंडा-२ स्थित पल्पसा सदनमा सुरु भएको महिला उद्यमी प्रदर्शनीको उद्घाटन बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तानले गर्नुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री मोक्तानले स्थानीय सरकार र संघीय सरकारबीचको लागानीलाई स्थानीय तहमा ल्याउन आवश्यक रहेको बताउनुभएको छ । लगानीको सन्दर्भमा वडाबाट, पालिकाबाट र प्रदेश सरकारबाट भएका कार्यहरुको मध्यनजर गर्नुपर्ने उहाँले बताउनुभयो । महिलालाई अगाडि बढाउनका लागि प्रदेश सरकारले विभिन्न कार्यहरु गरिरहेको उहाँको भनाइ छ । महिलाले उत्पादन गरेको सामग्री बिक्री र उद्यमशीलताको विकासका लागि सबै महिलाले बजारिकरण गर्न जरुरी रहेको उहाँले दावी गर्नुभएको छ ।

हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले उत्पादित वस्तुको प्रवर्द्धन गर्ने कार्यमा सबै लाग्नुपर्ने बताउनुभयो । सानासाना व्यापारी/ व्यवसायीको प्रवर्द्धन गर्ने कार्यमा सबै लाग्नुपर्ने उहाँले बताउनुभयो । मानिसहरुले दैनिक जीवनमा उपभोग गरेको सामग्रीहरु कहाँबाट र कस्तो सामग्री प्राप्त भइरहेको छ भन्ने कुरा मध्यनजर गर्नुपर्ने उहाँले प्रष्ट पार्नुभयो ।

प्रदर्शनीमा ललितपुरको सुइट ल्यान्ड, मकवानपुरको शोभा दिदीबहिनी तोफु उद्योग, चौघडाको लप्सी न्यु क्रियसन गुडिया, बनेपाको टोपी, फोला र अमिलो, नेपाली उद्यमी महिला संघ सुनसरीको भुटेको मकै अचारहरुको स्टल राखिएको छ । यस्तै, मकवानपुरको दीप भोजपुर खुकुरी, कान्तिराजपथको स्वदेशी सुपर मार्केटको पास्ता, घिउ, चाउमिन, पापड र बिन्स बिक्रीका लागि प्रदर्शनीमा राखिएको छ । मदर्स स्याक नुहाउने साबुन, हेटौंडा गार्मेन्ट उद्यमी समूहका कपडाहरु, ललितपुरको मह र सौगल पाटन जेएम अचार उद्योगका उत्पादन प्रदर्शनीमा छन् ।

प्रदर्शनीमा करिब ३७ वटा स्टल रहेका छन् । शनिबार सफल महिलाको उद्यमशीलताको विषयमा छलफल, आइतबार महिला उद्यमशीलताको विषयमा छलफल, सोमबार कृषिसम्बन्धी अन्तरक्रिया कार्यक्रम र समापन कार्यक्रम हुनेछ । कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताको सभाध्यक्षता रहेको थियो । उद्घाटन कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एकलाल श्रेष्ठ, बागमती प्रदेश उद्योग वाणिज्य संघका सदस्य उत्तम शर्मा ढकाल र हेटौंडा-११ का वडा अध्यक्ष जुना दहालको पनि उपस्थिति रहेको थियो ।

## लागुऔषधसहित मोक्तान पक्राउ

समाज संवाददाता

हेटौंडा: हेटौंडा-१३, मुस्कानटोलबाट प्रहरीले लागुऔषध ट्रामाडोलसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा ३२ वर्षीय अशोक बाबा भन्ने राजिब मोक्तान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

लागुऔषध बिक्रि वितरण गरिरहेको भन्ने विशेष सूचना आधारमा प्रहरीले बिहिबार मोक्तानको घरमा सुरक्षाजाँच गर्दा लागुऔषध ट्रामाडोल १ सय ७५ ट्याब्लेट र नगद २२ हजार १ सय ७५ रुपैयाँ समेत फेला पारेको जनाएको छ । नगद रुपैयाँ र लागुऔषध ट्रामाडोलसहित मोक्तानलाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# गिरीको कप्तानीमा प्रदेश टिम

समाज संवाददाता

हेटौंडा: भारत र नेपालका टिमको सहभागितामा चितवनमा आयोजना हुन लागेको इन्डो-नेपाल टि-२० क्रिकेट प्रतियोगिता खेल्न बागमती प्रदेशको क्रिकेट टिम घोषणा गरिएको छ । प्रदेश टिमको कप्तानी मकवानपुरका राम नरेश गिरीले गर्नुहुने भएको छ । प्रशिक्षकको जिम्मेवारी सुधीर महर्जनले पाउनुभएको छ ।

नेपाल क्रिकेट संघ बागमती प्रदेश समितिले शुक्रबार सार्वजनिक गरेको टिममा मकवानपुर जिल्लाको टिम क्याप्टेन सुमन सुनार र शुभ कंशाकार पनि प्रदेश टिममा अटाएका छन् । प्रतियोगितामा बागमती प्रदेशसँगै भरतपुर मेयर-११, मधेश प्रदेश र सुदूरपश्चिम प्रदेशसहित २ वटा भारतीय टिम सहभागी हुनेछ । भारतको कलकत्ता र लखनउबाट भारतीय टिमको सहभागिता जनाउनेछ । चैत ८ गतेदेखि सुरु हुने प्रतियोगिताको फाइनल खेल चैत १८ गते हुनेछ ।

फ्ल्याट भाडामा चाहियो ?
तु सम्पर्क गर्नुहोस् ।

हेटौंडा-५ पुष्पलालपार्क नजिकै सुविधा सम्पन्न फ्ल्याट (गाडी पार्किङसहित ३ वटा बेडरुम, एउटा बैठक कोठा, अट्याच बाथरुम) खाली रहेकोले आवश्यक व्यक्तिले तु सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.
९८४५४८८३४४

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाइराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



NAVODAYA SHISHU SADAN ESTD 2052

भर्ना खुल्यो

शैक्षिक सत्र २०८१ का लागि कक्षा नर्सरीदेखि यु.के.जी. सम्म भर्ना खुल्यो!

नवोदय नै किन ?
- सर्वाङ्गीण विकासका लागि
- शैक्षिक गुणस्तर
- सिर्जनात्मक / सिर्जनशील
- प्रतिभा प्रस्फुटनका लागि (नृत्य, सङ्गीत, कला, खेलकुद)
- प्रयोगात्मक सिकाइ
- रमाउँदै सिक्न
- गहन पठन संस्कृति

सम्पूर्ण इच्छुक अभिभावकहरुलाई आफ्नो बालबालिका भर्ना गर्नुपूर्व आवश्यक जानकारी लिन विद्यालय भ्रमणका लागि आग्रह गर्दछौं ।

नवोदय शिशु सदन अङ्ग्रेजी माध्यमिक विद्यालय

थप जानकारीका लागि:
हेटौंडा-४ | ०५७-५२५९४०, ५२४९५९

# म घरकी एक्ली छोरी



**कृतिका हुमागाई**

म घरकि एक्ली छोरी, काँधमा जिम्मेवारि आएको छ
पलाघरे छिमेकीले वचन ऋण लाएकोछ ।

तिर्नेछु ऋण परदेशको तातो भएपनि
छोरी भइ भनी किन चिन्ता लिन्छौं बा ?

सपनाको सहरमा आशा बिहान उदाएको छ
मर्नुभन्दा आगाडि आमालाइ नयाँ रातो सारिमा देख्नु छ

तिम्रो हँसिलो मुहारमा आँशु सुहाउँदैन,
तिम्रो आँशु पुछ्न यहि छोरीको हात आएको छ

अन्तिम पल्ट आँखा चिम्लिदा, पनि आमाबाकै हँसिलो मुहार हेर्न पाउँ
छोरी भई भनी झरेका तिम्रा आँसुले यो हृदय जलाएको छ

छोरी हो कमजोर छे अरु भन्दा भने भर्म नफैलाउ
गरिबी घामले छोरीको शरीरमा मर्द फलाएको छ ।

*कक्षा-१०, सिद्धार्थ मा.वि, हेटौंडा-२*

# मेरो गाउँ मानेडाँडा



**हिमाल घलान**

हेटौँडा-१८, हर्नामाडीमा पर्ने मेरो एउटा सानो ठाउँ
हेर्दा सानो भएनि सुन्दर देखिने मानेडाँडा मेरो गाउँ

मर्दा पर्दा दुःख हुँदा सबै मिलेर सहयोग गर्ने
एकअर्काको खुसीमा पनि सबै मिलेर रमाउने

कहिलेकाहीँ मनमुटाव हुँदा बाहिरबाट रिसाउने
तर पनि भित्रभित्र एक अर्कालाई माया गर्ने

डाँडाकाँडाले भरिएको छ, वनको छेउमा मेरो गाउँ
मलम लाउन सबै आउँछन्, लाग्दा कसैलाई घाउ

टाढा कतै यहाँ भन्दा लाग्दैन कहिल्यै कतै जाउँ
भित्री मनमा सजिएको छ, मानेडाँडा मेरो गाउँ

*कक्षा-९, मकवानपुर बालविद्या सदन, हेटौँडा-१८*

# धुन्धकारी छोराहरु जन्माउने देश



**देवप्रसाद श्रेष्ठ**

एकादेशको हिमालयको काखमा रहेको रमणीय सानो देशका जनताले विश्वास गरेर सत्तामा पठाइएका नेताहरुले देशको सम्पत्ति अनेकौं चलाखी र धुर्त्याइँ गरेर थुप्रै-थुप्रै सम्पत्ति जोडेछन् । आफ्ना चम्चे कार्यकर्ताहरुलाई पनि पोसे छन् । सत्ता, शक्ति र धनको मातले ठुला अधिकांश नेताका धुन्धकारी नवयुवराजहरुले चेलीबेटी बलात्कार गर्ने, शरणार्थी बनाई मान्छे बेच्ने, सरकारी जग्गा हडप्ने सुन तस्करी गर्ने । आदि इत्यादि गरेर हंगामा मच्चाएपछि त्यसलाई मत्थर पार्न बाउ नेताहरू पुलिस प्रशासनलाई थर्काउने, धम्क्याउने, कार्यकर्ता लगाएर गिजोल्याउने दुश्कर्मलाई लुकाउन पोलापोल र छोपछाप गर्न थालेपछि त्यस ठाउँका जनताहरु आफैंले मत दिएर धुन्धकारी छोराहरु जन्माएर देशलाई तहस-नहस बनाएकोमा पछुतो मानिरहेछन् ।

"ठुलालाई चैन सानालाई ऐन" हुने रमाइलो देशको नरमाइलो कथा सुनाएर बज्यैले कथाको बिट मार्नुभयो । हामी पनि ती जनताहरुप्रति सहानुभूति दिने कि ?

# बिना स्त्री हुन्न श्री

**गजल**



**शिव कार्की 'शरद'**

औँशी रातमा त्यो चाँदनी, छाएको दिन कस्तो होला
मेरो सिन्दुर त्यो सिउँदोमा, लाएको दिन कस्तो होला

भेट्न आउँछु भन्दै तिमी, नआई कति सताई राख्छौ
माइती छाडी दुलही बनी, आएको दिन कस्तो होला

प्यासीले हो कुवा धाउने, कुवा किन आउँछ भन्छौ
प्यास मेट्न कुवा आफैँ, धाएको दिन कस्तो होला

अहिले निकै सताई मलाई, ठूलो भाउ खान्छौ माया
सगुन भन्दै तिमीले जुठो, खाएको दिन कस्तो होला

बिना स्त्री हुन्न श्री, भन्छन् आजकाल गाउँमा मलाई
जीवन भरका लागि तिमी, पाएको दिन कस्तो होला ।

# चित्रकला





**सृष्टी श्रेष्ठ**
**एलकेजी, लिटिल बड्डी प्रि-स्कुल, हेटौँडा-४**





**दिपासना थापा**
**कक्षा:- १०, जिएस निकेतन, हेटौँडा-५**





**समीर लामिछाने**
**कक्षा-७, श्री कमला आधारभूत बिद्यालय, हेटौडा १८, दोभानचौर**





**सुयोग श्रेष्ठ**
**कक्षा:- ४, ब्रम्हदिक् एकेडेमी, हेटौँडा-४**





**विवेक थिङ**
**कक्षा-६, श्री कमला आधारभूत बिद्यालय, हेटौडा १८, दोभानचौर**





**सम्मान घलान**
**कक्षा:- ४, ब्रम्हदिक् एकेडेमी, हेटौँडा-४**

# जता फर्क, आफूतिरै फर्क



✍संप्रस पौडेल

तिमी भन्छौ नि,
- हामीले जन्माइदिएका बच्चाहरू विदेशका लागि हुन्
- देशमा हुन्जेल विदेशकै इतिहास पढ्छन्
- विदेशकै भूगोल पढ्छन्
- अमेरिकाको राजधानी वाशिङ्गटन डिसी
- क्यानडा, जापान, डेनमार्क, जर्मनी
- युकेको लण्डन, भव्य सहर
- नर्वेमा आधा रातमा घाम उदाउने यस्तै यस्तै ।
...
शिक्षक भन्नुहुन्छ,
- देशमा रहुन्जेल विदेशकै रहनसहन पढ्छौँ
- देशमा हुन्जेल विदेशकै भाषा पढ्छौँ
- हुन त यो देश पनि अर्कोको विदेश न हो
- हाम्रो विदेश कसैको देश हो
- ग्लोबल भिलेज विकास भैरहेछ संसार

३ महिनामा भाषा जानेपछि हो
देशले 'केही नदिएको' तिमीलाई
देश नेताले बिगारेको त्यतिखेर थाहा पाएका हौ
देशमा 'गर्ने वातावरण नभएको'
ज्ञान आएको हो राहदानी लिएपछि
विदेशी सेनामा जाँन तिम्रो छातिको चौडाइँ लिएपछि
देश साँघुरो भएको हो तिमीलाई
देशमा बसेर डलरमा तलब लिन थालेपछि
देशको रूपियाँ कमजोर लागेको हो तिमीलाई

उतै जान्छन्, पाखुरा वा दिमाग
आआफ्ना हैसियतले खर्च गर्छन् ।

कहिलेकाहीँ लाग्छ,
हामीले बिताइरहेका समय विदेशीकै लागि हो
हुर्केका बालबच्चा विदेशिन्छन्
हामीलाई बोलाउँछन्
समर भ्याकेसन र
विन्टर भ्याकेसनमा ।

हामीले गरिरहेका सङ्कलन उतैका लागि हो कि
हामी डुबिरहेका ऋण उतैका लागि हो कि

फर्क, अलिकता चेत लिएर फर्क
कामले, सुविधाले, किस्ता अनि करले,
तिमी फर्किन नसकिनेगरी
उतै उतै जकडिएका छौ भने पनि
केही दिनका लागि त फर्क
बरू यसो गर युवा
हामीलाई देशमैं ठिक छ
यहाँ जन्ती जाँदा हतार छैन
यहाँ मलाम जाँदा ठेक्का छैन
यहाँ सडकमा हिँड्न मनाही छैन
घाइते अस्पताल पुर्‍याइन्छन्
दुर्घटनामा पुलिसभन्दा पहिले
यस्तै यस्तै सन्देश दिएर
हामीलाई यही ठिक छ भनेर फर्क
बाआमाले जसोतसो पढाएपछि,
विश्वविद्यालयले योग्य बनाएपछि
भाषा नजान्दैमा बर्बाद भएछु भन्ने नसोची फर्क
फर्क,
विकेन्ड यता बिताएपछि
तिमी उतै फर्क
तर
स-सानो हाम्रो सहरजत्रो
तिम्रो डिपार्टमेन्टल साहुको
सिसी क्यामेरासँग हाम्रो स्वतन्त्रताको मोल नगरी फर्क ।

यति चेत लिएर फर्क,
हामीलाई देशमैं पैसाले किन्न नसकिने
समय रहेछ भनेर फर्क
चेतना दिएर फर्क ।

# आत्माले शान्ति...



✍जनार्दन खनाल

श्रीरामे छाप मौजाको गोठ गाउँमा जन्मिन् ।
श्रीटीका देवी माहिली छोरी सुखले हुर्किनु ।
श्री सापकोटा रहेछ थर माइती पक्षको ।
हतार भयो माइतीलाई विवाह गर्नको ।

उमेर तेह्र वर्षको हुँदा श्रीकण्ठ जोरको ।
खान्दानी अधिकारीका पुत्र श्रीधुर्व सँगको ।
विवाह चाँडै गर्दिने पनि चलन भएको ।
त्यसैले बालवयमै कठै विवाह गरेको

नहुँदै रजस्वला ती छोरी श्रीकन्यादानले ।
जाइन्छ स्वर्ग भनेर भन्ने चलन हुनाले ।
विवाह के हो ? गरिन्छ किन ? अवोध बालक ।
महिलालाई प्रगति गर्न भो एउटा वाधक ।

छब्बीस साल विवाह भयो यो दुबै जनाको ।
श्री ध्रुर्वजीले पढेर राम्रो जागीर खाएको ।
सन्तानहरु जन्मँदै गए क्रमिक सँगले ।
शिक्षाको साथै पालन गर्नुभएको खुशीले ।

तराई चाँडै झर्नुभो पनि यो बर्दिवासको ।
उब्जाउयोग्य जमीन हुँदा वसाई स्थायी भो ।
नचिन्नेहरु विरलै होलान् श्रीध्रुर्व प्रसाद
भनेसी हक्की स्वभाव हुँदा भएको प्रख्यात ।

ठिमीमा पनि सुन्दर घर निर्माण गर्नुभयो ।
दम्पत्ती नाती नातिनीहरु साथमा राख्नुभयो ।
कहिले यता कहिला उत्ता गरेर बस्नुभो ।
७० वर्षे भित्रमा कठै विधुर बन्नुभो ।

आएका जति अतिथिलाई अत्यन्त सम्मान ।
गरेर राम्रो रहनु हुन्थ्यो सम्पन्न जीवन ।
नपर्ने हेर्न श्री ध्रुवजीले विचरा घरमा ।
चलेको थियो जीवनरथ मुमाकै भरमा ।

जन्मिएपछि मर्नुनै पर्ने सृष्टिको नियम
भए तापनि नलग काल अल्पायु वयमा
सुझाव दिन बुहारी छोरा यी छोरीहरुमै ।
बाँचेकालाई खट्किने भयो जीवनभरिमै ।

आत्माले शन्ति अवश्य पाओस् तड्पिनु नपरोस् ।
विचित्ररुपी संसार भित्र जन्मिनु नपरोस् ।
हेमुमा हामी बिर्सन खोज्छौँ आउँछ सम्झना ।
आँसुको मसी बनाई दिएँ यो श्रद्धा सुमन ।

*बकैया-४, छतिवन*

# फुटबल



✍प्रशान्त अधिकारी

विश्वभरमा सबैतिर प्रसिद्ध खेल हो यो फुटबल
लुकेको प्रतिभा उजागर गर्ने खेल हो यो फुटबल
अनुशासन सिकाउने पनि खेल हो यो फुटबल
देश-देशमा एकता ल्याउने खेल हो यो फुटबल

सारा जगतलाई खुसी पार्ने खेल हो यो फुटबल
चार बर्षमा महाउत्सव हुने खेल हो यो फुटबल
धेरै समर्थक भएको चर्चित खेल हो यो फुटबल
देश देशलाई चिनाउने पनि खेल हो यो फुटबल

*कक्षा-९, मकवानपुर बालविद्या सदन, हेटौँडा-१८*

# टुक्का कविता



✍कृष्ण कुमार वैद्य

आफ्नो भूमि लुटपाट गर्दा मन भयो विरक्त,
मातृभूमि प्राणभन्दा प्यारो ठान्दछ देशभक्त ।

भाग पाउने जति आन्दोलन टुङ्ग्याएर गए,
उपेक्षित राहत शिक्षक झनै आहत भए ।

जानाजानी पिउनु हुँदैन प्यास लाग्दैमा विष,
हानि गर्छ आवेगमा आए काबुमा राख्नु रिस ।

गुरुजन सडकमा सुते गर्दै न्यायको माग,
सच्याउनु शिक्षा विधेयक नलगाउनु दाग ।

राष्ट्रिय झण्डासँग सेल्फि झुकाइ देशको शिर,
देखाउने दाँत हो यो चपाउने त भित्रैतिर ।

पाटी प्यालेस भरिभराउ तीजको माहोलमा,
चोक्टा खान गएकी बुढी डुबेर आइन् झोलमा ।

तीजमा गीत गाउँथ्यो चेलीले वेदना पोखेर,
विकृत भयो चाडपर्व वियर रक्सी घोकेर ।

घुलनशील माटोले भत्केको रे सिक्टा नहर,
कुरो र कुलो घुमाए फनफनी घुम्छ कहर ।

कपटी जमातले ढाँट्यो बादसाह नाङ्गो भयो,
उजागर भयो जब निष्कपटको वाणी गयो ।

चौपाया मरे भकाभक राज्यले लिएनन् पीर,
थोपा दूध छैन भाँडामा खान्छस् साउनमा खीर ।

*बनेपा ९, काभ्रे*

# म र तिमी



✍दिनानाथ कडरिया

म र तिमी बाल्यकालदेखिको मिल्ने साथी
सँगै हुर्क्यौं, सँगै खेल्यौं, सँगै हास्यौं, रोयौं
अनि सँगै स्कूल गयौं, उही किताब पढ्यौं
तर तिम्रो र मेरो पढाई र बुझाई फरक परेछ

तिमीले शब्द पढेछौ, बुझेछौ, मैले भाव पढेछु, बुझेछु
त्यसैले त मैले
अनुशासन, इमानदारी र देशभक्तिका कुरा सिकेँ
तिमीले चाहीँ झुठा, फोस्रा र बकम्फुसे भाषण गर्न र
जनतालाई भ्रमित पार्न सिक्यौ ।

हामीले पढेको गणित पनि एउटै हो
मैले मिहिनेत, श्रम र सत्कर्मको मूल्य सिकेँ
तिमीले भ्रष्टाचार, तस्करी, कालोबजारी र ठेक्कापट्टामा
आफ्नो कमिसन र संलग्नताको मूल्य सिक्यौ

मैले इज्जत, मान, प्रतिष्ठा कमाउन सिकेँ
तिमीले इज्जत, मान बेचेर करोडौँ कमाउन सिक्यौ
हामीले पढेको साहित्य पनि एउटै हो
मैले घरको माया, गाउँको र देशको माया सिकेँ
तिमीले शिक्षा र बेरोजगारीको बहानामा नागरिकलाई विदेश धपाएर
तिनैको रेमिट्यान्समा आफू र कार्यकर्ता पाल्न सिक्यौ
त्यसैले त म शिक्षक भएँ अनि तिमी चाहीँ नेता भयौ ।

# सताको राशिफल



## पं. ज्यो. तोयानाथ सुवेदी

सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**: समय ठिकै छ । यात्रा योगमा सरिक भइने छ । यात्राबाट लाभ प्राप्त होला । व्यापार-व्यवसायबाट लाभ प्राप्त होला । दौडधूप र परिश्रम गर्नुपर्ने समय योग छ । परिणाम सकारात्मक देखिनेछ । धार्मिक तथा सामाजिक योग छ । तर्क-बितर्क र सभा समारोहमा सरिक भईनेछ । सामुहिक क्रियाकलापमा सरिक भइने छ । वैदेशिक योगका काममा खर्च बढ्ने समय छ ।

**वृष राशि**: समय मध्यम कारक छ । अध्ययन-अध्यापनका काममा सरिक भइने समय छ । मानसिक विचलन रहला । निर्णयक्षमतामा आँच आउला । धन प्राप्ति हुने रहेको छ । महत्वाकाङ्क्षा बढ्ने छ । व्यापार-व्यवसाय मध्यमकारक छ । पेशागत उन्नति होला । योजनाअनुरुप अगाडि बढ्दा राम्रो होला । जिद्दीपन र हठ त्याग गर्दा राम्रो होला ।

**मिथुन राशि**: शान्त मनोभावको उदय होला । सार्वजनिक हित वा दान पुण्यको क्षेत्रमा खर्च बढ्ला । स्वास्थ्यस्थितिमा असहज होला । तुजुक देखाउने काम कमी गर्दा राम्रो । ठुला निर्णयहरू नगर्दा राम्रो रहनेछ । व्यापार-व्यवसाय मध्यम कारक नै रहन्छ । यातायातबाट लाभ होला । वैदेशिक कारोबारबाट लाभ होला पढाइ लेखाई ठिकै रहनेछ ।

**कर्कट राशि**: नचिताएको कुनै महत्वपूर्ण कार्य सिद्धि हुने समय छ । धार्मिक तथा पारम्परिक कामको दायित्व बढ्ला । रोकेका कामहरू अगाडि बढ्न सक्ने योग छ । बन्धु बान्धवले काममा सहयोग गर्लान् । आफन्त र मान्यवरको विचारलाई सिरोपर गर्दा राम्रो होला । व्यापार व्यवसाय ठिकै छ । जागिरमा पदीय दायित्व बढ्नेछ । मानसिक सन्तुष्टि होला ।

**सिंह राशि**: समय ठिकै छ । परीक्षा प्रतियोगितामा सरिक भइनेछ । सामाजिक दायित्व बन्ने र धार्मिक क्रियाकलापमा सरिक भइनेछ । जागिरमा प्रशंसा बढ्ला । आय बढ्नेछ । कारोबारमा अझ बढी परिश्रम गर्दा राम्रो । श्रेणीप्रधान कार्यबाट लाभ होला । आहार-विहारमा अनुशासन पालना गर्दा राम्रो । परिबन्ध र बाध्यतामा अल्झिएला ।

**कन्या राशि**: पद, प्रतिष्ठामा वृद्धि होला । प्रयत्नले जीवनशैली परिवर्तन हुनेछ । चुनौती र समस्यालाई चिर्दै निरन्तर अगाडि बढ्दा राम्रो होला । रोकिएका कामहरू अगाडि बढाउने समय छ । पढाई-लेखाई मध्यमकारक नै रहन्छ । सामाजिक र धार्मिक कार्यमा महत्वपूर्ण भूमिका निर्वाह होला । कामबाट प्रशंसा प्राप्त होला ।

**तुला राशि**: संकट र जोखिम झेल्दै उपलब्धि हासिल गर्ने समय छ । आर्थिक पक्ष सन्तुलित रहनेछ । घरायसी समस्याहरू देखिए पनि हल टुट्दै जानेछ । व्यापार व्यवसाय मध्यमकारक नै रहला । शस्त्र अस्त्रबाट बाँच्दा, बचाउँदा राम्रो हुनेछ । हाकिमको कर्कस बढ्नेछ । वैदेशिक योग ठिकै छ । पढाई-लेखाई मध्यम नै छ ।

**वृश्चिक राशि**: कुनै नसोचेको ठाउँबाट आकस्मिक धनलाभ होला । मनमा अन्योलता र शरीरमा भारीपन देखिने समय छ । आनन्द र खुसी अनि शरीरमा फुर्तिलोपन बढ्ला । विवादमा विजय होला । स्थानात्मक ऊर्जाले पूर्ण समय छ । पढाई-लेखाई ठिकै रहने समय छ । धार्मिक र सामाजिक काममा मन जानेछ । मिठासयुक्त भोजन प्राप्त होला । लक्ष्य प्राप्तिका लागि कडा परिश्रम आवश्यक छ ।

**धनु राशि**: कृति र प्रतिष्ठामा बढावा होला । तर्क विचार र निर्णयमा द्विविधा बढ्ला । बितेका कामहरू पूरा हुनेछन् । प्रतिस्पर्धामा विजयी भइएला । काममा सान्त्वना पाइएला । आवेगमा नआउँदा राम्रो होला । घमण्ड र अहङ्कार त्याग गर्दा राम्रो । धार्मिक तथा परोपकार कार्यमा समय व्यतीत होला ।

**मकर राशि**: ज्ञान र प्रज्ञा बढाउने समय योग रहेको छ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त होला । योजना सपना र कल्पनालाई व्यवहारमा उतार्दा राम्रो हुनेछ । चिन्तन र उपाय महत्वपूर्ण बनाउनु होला । आम्दानीको स्रोत बढ्ला । बौद्धिक र दार्शनिक क्षेत्रमा सफल होला । शिक्षा क्षेत्र ठिकै छ । तालिम र ज्ञान बढाउने विषयमा सरिक भइएला ।

**कुम्भ राशि**: आवेगलाई नियन्त्रण गरेर अगाडि बढ्दा राम्रो । व्यापार व्यवसायमा घाटा होला । बाध्यात्मक घरायसी काममा खट्नुपर्ला । दीर्घकालीन रूपमा सचेतता अपनाउनुपर्ला । घरपरिवार र आफन्तको सहयोगले काममा पूर्णता । धार्मिक तथा सामाजिक काममा सरिक भइएला । पढाइ ठिकै रहनेछ ।

**मीन राशि**: सामाजिक र सांगठनिक कामका कारण नियमित काममा असर पर्नेछ । मिहिनेतबाट लाभ होला । पराक्रम बढ्नेछ । साझेदारीबाट लाभ होला । सामाजिक तथा धार्मिक अनि परोपकारजन्य कामबाट लाभ प्राप्त होला । पारिवारिक दायित्व बढ्ने समय छ । पढाइ लेखाइमा मध्यमकारक नै देखिन्छ ।






## बुधबारे बालसाहित्य विशेषबारे

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

